दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २४२ | बुटवल | २०८३ भदौ ३०, मंगलबार | नेपाल संवत ११४६ | Tuesday September 15, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## सुशील ज्ञवाली मन्त्री लम्सालका विज्ञ सल्लाहकार नियुक्त

बुटवल । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले लगानी बोर्डका पूर्वसीईओ सुशील ज्ञवालीलाई आफ्नो विज्ञ सल्लाहकार नियुक्त गरेका छन् । भदौ १० गते भोटेकोसी बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लाका नदी तटीय क्षेत्रमा ठूलो क्षति पुऱ्याएपछि भदौ १३ गते मन्त्री लम्सालले ज्ञवालीलाई विज्ञ सल्लाहकार नियुक्त गरेका हुन् ।

भोटेकोसी बाढीपछि प्रभावित क्षेत्रमा पुनर्निर्माणको काम हाँक्न ज्ञवालीलाई नियुक्त गरिएको पूर्वाधार मन्त्रालयका एक अधिकारीले बताए । उनले भूकम्पपछिको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा सीईओको जिम्मेवारी सम्हालेका थिए। बाढी आएपछि मन्त्रालयले पुनर्निर्माण तथा क्षतिको मूल्यांकनका लागि कार्यदल गठन गरेको थियो । ज्ञवालीले मन्त्रालयमै बसेर विपद्पछिको आवश्यकता आकलन पोस्ट-डिजास्टर निड्स असेस्मेन्ट (पीडीएनए) का लागि काम गरिरहेका छन् । विपद्पछिको पुनर्निर्माणमा अनुभव भएकाले उनलाई सल्लाहकार बनाएर काम थालिएको ती अधिकारीको भनाइ छ। यद्यपी स्रोतहरूका अनुसार ज्ञवालीलाई भोटेकोसी बाढीअघि नै मन्त्रालयको सल्लाहकार बनाउने लम्सालको तयारी थियो। ज्ञवालीलाई सल्लाहकार राखेर उनको अनुभवबाट सरकारले फाइदा लिने तयारी भइरहेका बेला भोटेकोसी बाढी आएकाले अब पुनर्निर्माण पनि उनले नै हेर्नुपर्ने संयोग मिलेकोजस्तो देखिएको छ ।

ज्ञवाली यसअघि राष्ट्रिय योजना आयोगमा बसेर पीडीएनएको काममा पनि संलग्न थिए । सिभिल इन्जिनियर ज्ञवालीलाई २०७२ वैशाख १२ गतेको गोरखा भूकम्पपछि बनाइएको भूकम्प पुनर्निर्माण प्राधिकरणको सीईओ बनाइएको थियो । अहिले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्ट संयोजक रहेको टोलीले पीडीएनए गरिरहेको छ । उक्त कार्यदलमा ज्ञवालीले सहजीकरण गरिरहेको मन्त्री लम्सालका स्वकीय सचिव विवेक बास्तोलाले जानकारी दिए । बालेन्द्र शाह नेतृत्वको सरकारले गत वैशाखमा अध्यादेश ल्याएपछि ज्ञवाली लगानी बोर्डको सीईओबाट हट्न बाध्य भएका थिए। तर, पदबाट हटेलगत्तै बालेन क्याबिनेटकै प्रभावशाली मन्त्री लम्सालले ज्ञवालीलाई आफ्नै सल्लाहकार बनाएका हुन् ।

यद्यपि, ज्ञवालीलाई विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित 'काठमाडौं भिजन २०४०' परियोजनामा परामर्शदाता भनेर नियुक्ति दिइएको छ। उनको तलव सुविधा पनि सोही संस्थाले दिने व्यवस्था छ । तर ज्ञवालीलाई पूर्वाधार विकास मन्त्रालयकै जिम्मेवारीमा ल्याउनका लागि सो नियुक्ति दिइएको हो । उक्त परियोजना बालेनले अघि बढाउन खोजिरहेको महत्वपूर्ण पूर्वाधार परियोजनामध्ये एक हो । जसमा विश्व बैंकलगायत विदेशी साझेदारले आर्थिक सहयोग गर्ने भएका छन् ।

एमाले नेता विष्णु पौडेल निकट बुटवलका ज्ञवालीले एमाले सरकारमा रहेका बेला यस्ता अवसर पाउँदै आएका थिए । राष्ट्रिय योजना आयोगले आमन्त्रण गरेर ज्ञवालीलाई पीडीएनएको काममा सहभागी गराएको बास्तोलाले बताए । ज्ञवालीले 'काठमाडौं भिजन २०४०' परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) समेत तयार पारिरहेका छन् ।

सरकारी योजना भए पनि विश्व बैंकलगायत केही विदेशी साझेदारले आर्थिक सहयोग गरिरहेको उक्त परियोजना अहिले योजना निर्माणको चरणमा रहेको बताइएको छ। उक्त परियोजनालाई अघि बढाउन ज्ञवालीलाई विश्व बैंकको तर्फबाट कन्सल्ट्यान्ट नियुक्त गरिएको बास्तोलाको भनाइ छ।

## ग्रीन आर्मीबारे सरकारसँग जवाफ माग

बुटवल । नेपाली सेनासँग मिल्दोजुल्दो पोशाक, दर्ज्यानी चिह्न र सैनिक संरचना प्रयोग गरेको कारण विवादमा परेको ग्रीन आर्मी नेपालको वैधानिकतालाई लिएर सर्वोच्च अदालतले सरकारसँग जवाफ मागेको छ ।

न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले सोमबार प्रारम्भिक सुनुवाइ गर्दै सबै विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गरेको हो । अदालतले रिटमा विपक्षी बनाइएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, समाज कल्याण परिषद्, काठमाडौं जिल्ला प्रशासन कार्यालय, गोकर्णेश्वर नगरपालिका, कम्पनी रजिस्ट्रारको कार्यालय र ग्रिन आर्मी नेपाललाई आदेश जारी गरी संस्थाको दर्ता, सञ्चालन, पोसाक, दर्जा तथा गतिविधिबारे कानुनी आधारसहित जवाफ पेश गर्न भनेको छ ।

विशेषगरी रिटमा उठाइएको एउटा महत्त्वपूर्ण प्रश्न रक्षा मन्त्रालय र नेपाली सेनातर्फ लक्षित छ । गैरसरकारी संस्थालाई सैन्य प्रकृतिको पोसाक, दर्ज्यानी चिह्न र सैनिक शैलीको संरचना प्रयोग गर्न के आधारमा सहमति दिइयो विषय बहसका क्रममा उठेको थियो ।

प्रारम्भिक सुनुवाइपछि सर्वोच्चले ग्रीन आर्मी नेपालको नाम र गतिविधिमा तत्काल रोक लगाउन अन्तरिम आदेश दिने कि नदिने भनेर छलफल गर्न दुवै पक्षलाई झिकाउने आदेश समेत गरेको छ ।

बहसका क्रममा संविधानविद् भीमार्जुन आचार्यले यदि नेपाली सेनाले नै यसका लागि सहमति दिएको हो भने जंगी अड्डालाई पनि लाज लाग्नुपर्ने तर्क गरे । 'यसरी गैरसरकारी संस्थामार्फत सैन्य प्रकृतिको संगठन सञ्चालन र परिचालन गर्ने अनि त्यसमा राष्ट्रको सेनाले समेत सहमति दिने कुरा कल्पना पनि गर्न सकिन्नँ,' उनले बहसका क्रममा भने-'यो भनेको राष्ट्रिय सुरक्षा, राष्ट्रको सार्वभौमसत्ता र अखण्डतालाई नै कमजोर बनाउने कुरा हो ।'

इजलासबाट न्यायाधीशले सेनाले नै सहमति दिएर यो संस्था अस्तित्वमा आएको हो भने त्यसमा अदालतले कसरी हस्तक्षेप गर्न सक्छ भनेर प्रश्न गरेका थिए ।

जवाफमा अधिवक्ता रामबहादुर रावलले त्यस्तो निर्णय निरपेक्ष रुपमा सधैंभरका लागि अटल, अमर रहन नसक्ने बताए ।

'कुनै समय, सन्दर्भ वा वस्तुस्थितिका आधारमा कुनै निकायले राय, परामर्श, सहमति वा निर्णय दिन सक्छ,' उनले बहसका क्रममा भने-'तर त्यस्तो निर्णय निरपेक्ष रुपमा सधैंभरका लागि अटल, अमर रहन सक्दैन । अदालतले न्यायिक परीक्षण र पुनरवलोकन गर्न सक्छ ।'

रसुवाको भोटेकोसी क्षेत्रमा आएको विनाशकारी बाढीपछि उद्धार तथा राहतमा खटिएको 'ग्रीन आर्मी नेपाल'का सदस्यहरू सैनिक शैलीको पोसाक, दर्ज्यानी चिह्न र संरचनासहित देखिएपछि यस संस्थाबारे प्रश्न उठेको थियो ।

## बाढीको विनाश :
# सर्वदलीय संयन्त्र किन बनेन ?



**लुम्बिनी संवाददाता**

*बुटवल*

रसुवामा विनाशकारी बाढी गएको भोलिपल्टै सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले विपद्पछिको उद्धार, राहत र पुनर्स्थापनाका लागि उच्चस्तरीय सर्वदलीय संयन्त्र बनाउन प्रस्ताव गरे । भदौ १० गते विनाशकारी बाढी गएपछि भोलिपल्टै रास्वपा सभापति लामिछानेले सर्वदलीय बैठक बोलाएका थिए । बैठकमा रास्वपा, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी, राप्रपा, जसपा र जनमत पार्टीका शीर्ष नेताहरू सहभागी थिए ।

बैठकमा लामिछानेले उद्धार, राहतदेखि पुनर्स्थापनासम्म सरकारलाई सघाउने गरी सर्वदलीय समिति वा संसदीय समिति बनाउन प्रस्ताव गरेका थिए । 'उद्धार, राहतदेखि पुनर्स्थापनासम्म सर्वदलीय समिति वा संसदीय वा सर्वपक्षीय समिति गठन गरौं । जसले सरकारलाई निर्णय गर्न सहज होस् ।'-उनले भनेका थिए ।

लामिछानेको प्रस्तावमा अन्य दलले पनि सहमति जनाए । बैठकले १० बुँदे संकल्प जारी गर्दै दीर्घकालीन समाधानका लागि उच्चस्तरीय सर्वदलीय संयन्त्र बनाउने विषय समेट्यो । संकल्पको १० नम्बर बुँदामा भनिएको थियो-'विपद्पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, राष्ट्रिय विपद् नीतिमा समयानुकूल सुधार र सरकारका कामकारबाहीलाई निरन्तर सल्लाह, सहयोग र अनुगमन गर्न संसदीय समिति गठन गर्न हामी सहमत भएका छौं ।'

उक्त संयन्त्रले संकटको समयमा मात्र नभई विपद्पूर्व तयारी र दिगो विकासका एजेन्डामा राष्ट्रिय सहमति निर्माण गर्दै नीतिगत सुधारमा भूमिका खेल्ने उल्लेख थियो । तर, सहमति भएको १८ दिन बितिसक्दा पनि उक्त संयन्त्र गठन हुन सकेको छैन । लामिछानेले भने यो विषय निरन्तर उठाउँदै आएका छन् । उनले रसुवा बाढीपछिको अवस्थासँग जुध्न सर्वदलीय संसदीय विशेष समिति गठन गर्न संसद्मै प्रस्ताव गरेका छन् ।

२४ भदौमा प्रतिनिधिसभाको बैठकमा बोल्दै लामिछानेले बाढीलाई राष्ट्रिय महत्वको जलवायुजन्य विपत्तिका रूपमा घोषणा गर्न र त्यसको कारण, क्षति तथा अन्तर्राष्ट्रियकरणका लागि सर्वदलीय संसदीय विशेष समिति गठन गर्न माग गरेका थिए । 'अहिलेको बाढीलाई राष्ट्रिय महत्वको जलवायुजन्य विपत्तिको घोषणा गरौं । यस विपत्तिको कारण, क्षति तथा यसको अन्तर्राष्ट्रियकरणका लागि सर्वदलीय संसदीय विशेष समिति गठन गरौं ।'- उनले भनेका थिए । लामिछानेको प्रस्तावलाई विपक्षी दलहरूले पनि समर्थन जनाउँदै आएका छन् । २६ भदौमा प्रतिनिधिसभाको बैठकमा बोल्दै नेपाली कम्युनिस्ट पार्टीका सांसद वर्षमान पुनले विपद् व्यवस्थापन कुनै एउटा मन्त्रालय, सरकार वा तहको मात्र जिम्मेवारी नभएको बताए ।

राजनीतिक दल, सुरक्षा निकाय, विज्ञ, स्थानीय समुदाय र सम्बन्धित सबै पक्षलाई जोडेर राष्ट्रिय संयन्त्र निर्माण गर्नुपर्ने भन्दै उनले लामिछानेले प्रस्ताव गरेअनुसार सर्वदलीय संसदीय विशेष समिति गठन गर्नुपर्ने बताए । 'सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले यस विपत्तिसँग जुध्न राख्नुभएको सर्वदलीय संसदीय विशेष समिति गठनको प्रस्तावलाई हाम्रो दल नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट समर्थन जनाउन चाहन्छु ।'-उनले भनेका थिए ।

तर, त्यसपछि पनि समिति गठनको प्रक्रिया अघि बढ्न सकेको छैन ।

» बाँकी ३ पेजमा

### स्रोतको कमी छैन : प्रधानमन्त्री

बुटवल । प्रधानमन्त्री बालेन्द्र शाहले रसुवाको भोटेकोसी नदीमा आएको बाढीबाट प्रभावितको पुनःस्थापनाका लागि स्रोतको कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सोमबार प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग छलफल गर्दै प्रधानमन्त्री शाहले सरकारसँग उपलब्ध तथा दातृ निकायबाट प्राप्त स्रोतसाधन पुनःस्थापनामा प्रयोग गर्ने तयारी भइरहेको बताए ।

उनले बाढी प्रभावित क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच तत्काल समन्वय भएर उद्धार तथा व्यवस्थापनको काम भएको भन्दै यसले जनप्रतिनिधि र स्थानीयको मनोबल उच्च राख्न सहयोग पुग्ने बताए । प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रमा सडक सञ्जाल जतिसक्दो चाँडो पुनःस्थापना गर्न सरकारले निरन्तर काम गरिरहेको उल्लेख गरे। सडक सञ्चालनमा आएपछि प्रभावितलाई पूर्ववत् अवस्थामा फर्किन सहज हुने उनको विश्वास छ ।

उनले नदी तटीय क्षेत्रमा रहेका बस्ती पुनः जोखिममा पर्नसक्ने भएकाले प्रभावित क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने बताए । सरकारले नजिकैको सुरक्षित स्थानमा नयाँ बस्ती विकास गर्ने तयारी थालेको जानकारी दिँदै उनले रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृति र खेतीयोग्य जमिनको संरक्षणलाई ध्यान दिएर वैज्ञानिक बस्ती व्यवस्थापन गर्नुपर्ने जनाए ।

प्रधानमन्त्री शाहले सुरक्षित स्थानमा आवश्यक जग्गा पहिचान गरी संघ सरकारलाई सिफारिस गर्न स्थानीय जनप्रतिनिधिलाई आग्रह गरे । छलफलबाट प्रभावित क्षेत्रको वास्तविक अवस्था बुझ्नसमेत सहयोग पुगेको उनको भनाइ छ ।

### क्षतिग्रस्त सडक असोजभित्रै सञ्चालन : मन्त्री लम्साल

बुटवल । सरकारले बाढी प्रभावित क्षेत्रका क्षतिग्रस्त सडक सञ्जाललाई आगामी असोजभित्रै सञ्चालनमा ल्याउने गरी काम तीव्र पारेको दाबी गरेको छ । बाढी प्रभावित क्षेत्रमा तत्काल वैकल्पिक सडक सञ्चालन, तुइन र झोलुङ्गे पुल जडानलाई तीव्रता दिइरहेको भन्दै सरकारले त्यो सकिए लगत्तै पक्की सडक र पुलको निर्माण गर्ने जानकारी गराएको छ ।

प्रधानन्त्री बालेन्द्र शाहसँग प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सोमबार बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिहरुसँग भएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले विभिन्न विषयगत आठ वटा कार्यदल निर्माण गरी सडक र पुल निर्माणलाई तीव्रता दिइरहेको बताए । उनले यो काममा दोहोरोपना हुन नदिइ आफूहरुलाई प्रत्यक्ष रुपमा सघाउन स्थानीय जनप्रतिनिधिहरुसँग आग्रह गरे । उनले प्रधानमन्त्री शाहसँग छलफल गर्न आएकै बेलामा काठमाडौंमै रहेर आफ्नो मन्त्रालय मातहतका विभिन्न निकायका प्रमुखहरूसँग प्रत्यक्ष छलफलमा जोडिएर आ-आफ्नो प्रभावित क्षेत्रमा क्षतिग्रस्त पूर्वाधारहरूको विवरण दिन, योजना बनाउन, निर्माणमा समन्वय गर्न र त्यसको फलोअप गर्न स्थानीय जनप्रतिनिधिहरूसँग आग्रह गरे ।

उनका अनुसार प्रभावित क्षेत्रमा आगामी मंसिरसम्म खानेपानी प्रणाली पुनर्स्थापना गर्ने गरी काम भइरहेको छ । त्यस्तै प्रभावित क्षेत्रमा स्वास्थ्य, शिक्षालगायतका पूर्वाधार निर्माणमा पनि सरकारले काम गरिरहेको उनले बताए ।

छलफलमा सहभागी प्रभावित क्षेत्र नुवाकोटका प्रतिनिधिसभा सदस्य समेत रहेका सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले प्रभावित क्षेत्रमा पुगेर गैर सरकारी संस्थाहरूले बाढी प्रभावितहरुलाई घर बनाइदिने, ज्येष्ठ नागरिक तथा बालबालिकालाई संरक्षण गरिदिने जस्ता आश्वासन दिँदै हिँडिरहेको भन्दै उनीहरूले राष्ट्रिय विपद् जोखम न्यूनीकरण तथा व्यवस्थापनसँगको समन्वयमा मात्रै काम गर्नुपर्ने बताए । उनले जनप्रतिनिधिहरुले प्रभावित क्षेत्रका कुनै पनि पीडित नछुट्ने गरी तथ्यांक संकलन गरी सरकारलाई समयमै उपलब्ध गराउनुपर्ने सुझाव दिए ।

## स्थानीय तहका नेतृत्व मुस्ताङमा किन भेला ?

बुटवल । हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर र त्यसबाट बढ्दै गएको विपद्को जोखिमबारे बहस गर्न मुस्ताङको घरपझोङ गाउँपालिकामा दुईदिने 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन-२०८३' आजदेखि शुरु हुँदैछ । भदौ ३० र ३१ गते हुने सम्मेलनमा जलवायु परिवर्तनको प्रभाव, स्थानीय तहको भूमिका, जलवायु वित्त, पर्यटन तथा जलविद्युत्मा परेको असरदेखि हिमाली क्षेत्रमा बढ्दो विपद् जोखिमसम्मका विषयमा छलफल हुनेछ ।

सम्मेलनमा उपस्थितिका लागि ७५३ वटै स्थानीय तहहरूलाई पत्राचार गरिएको थियो । आइतबारसम्म ४२० वटा स्थानीय तहले सहभागिता जनाउने प्रतिबद्धता जनाएको घरपझोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिए ।

सम्मेलनमा देशका ३६ वटा जिल्ला समन्वय समितिका तर्फबाट पनि सहभागिता हुनेछ । जलवायु परिवर्तनले हिमाल, पहाड र तराईका स्थानीय तहमा पुर्याएको असर र अनुकूलनलगायतका विषयमा साझा धारण तय गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न मुस्ताङमा पहिलोपटक ऐतिहासिक रूपमा 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन'को तयारी गरिएको हो । सम्मेलनका लागि मुस्ताङका अन्य चार पालिकाले पनि सहयोग पुर्याइरहेका छन् । सम्मेलनमा भाग लिन कोशी प्रदेशबाट ७२, मधेस प्रदेशबाट ५८, बागमतीबाट ४६, गण्डकीबाट ६४, लुम्बिनीबाट ६२, कर्णालीबाट ३८ र सुदूरपश्चिम प्रदेशबाट ६६ वटा स्थानीय तहले नाम टिपाएका प्रमुख प्रशासकीय अधिकृत बस्नेतले उल्लेख गरे । गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले सम्मेलन तयारी अन्तिम चरणमा पुगेको बताए । सम्मेलनको उद्घाटन कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले गरे।

यस्तै, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे विशेष अतिथिका रूपमा सहभागी हुनेछन् ।

पछिल्ला वर्षहरूमा हिमाली क्षेत्रमा देखिएका असामान्य र विनाशकारी घटनाले जलवायु परिवर्तनको जोखिमलाई थप गम्भीर बनाइरहेका बेला घरपझोङमा सम्मेलन हुन लागेको हो ।

केही साताअघि उत्तरी सीमाक्षेत्रमा हिमनदी तथा उच्च हिमाली भूभागसँग सम्बन्धित घटनापछि आएको बाढी-पहिरोले ठूलो मानवीय तथा भौतिक क्षति गराएको छ । पछिल्लो अध्ययनले हिमालयमा हिमनदी पग्लिने क्रम तीव्र बन्दै गएको र हिमताल तथा हिमनदीजन्य विपद्को जोखिम बढिरहेको औँल्याएको छ ।

नेपालमा पनि यस वर्षको भोटेकोशी बाढीले जलवायुजन्य विपद्को जोखिम र हिमाली क्षेत्रमा भइरहेको पूर्वाधार विकासको ढाँचामाथि बहस निम्त्याएको छ ।

» बाँकी ३ पेजमा

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित ।
स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा ।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता ।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक ।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईंको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार
गहन विश्लेषण र अनुसन्धान
समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद
फोटो समाचार र विशेष रिपोर्ट
विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## विपतसँग जुध्न तहगत सरकारबिच संयोजन

प्रधानमन्त्री बालेन्द्र साहले भोटेकोसी बाढी प्रभावित क्षेत्रको उद्धार, राहत र पुनः निर्माणबारे प्रभावित क्षेत्रका स्थानीय तहसँग छलफल गरेका छन् । बाढीपछिको उद्धार र राहतमा स्थानीय र प्रदेश सरकारलाई बेवास्ता गरेका प्रधानमन्त्रीले ढिलै भए पनि स्थानीय र प्रदेश सरकारसँग सँगै अघि बढ्ने प्रतिबद्धता जनाउनु सकारात्मक छ ।

बाढीपछिको सातासम्म स्थानीय र प्रदेशलाई बेवास्ता गरेको सरकारले जब राहत वितरणको काममा समस्या आयो, प्रदेश सरकार खोज्यो, अब पुनःस्थापना, अस्थायी शिविर निर्माण, पुनःस्थापनाको लागि जग्गाको खोजीलगायतका विषयमा स्थानीय सरकारको आवश्यकता पऱ्यो, सरकारले स्थानीय सरकार खोज्यो । तहगत सरकारको संयोजनविना विपत व्यवस्थापन संभव छैन । संघीय शासन प्रणालीमा तहगत सरकारका आफ्नो अधिकार र कर्तव्य निर्धारण गरिएको छ । तहगत सरकारका एकल र साझा अधिकारका सूची छन्, ती एकल र साझा अधिकारको प्रयोग र कार्यान्वयन गर्न सक्दा मात्रै नागरिकले सरकारको अनुभूति गर्न पाउँछन् । अहिले सरकारले स्थानीय तह र प्रदेश सरकारको साथबाट मात्रै नागरिकसँग जोडिन सक्छ । तहगत सरकारलाई बेवास्ता गरेर संघीय सरकारका योजना कार्यान्वयन संभव छैन । नेपालको शासन प्रणाली सहकारीमा आधारित संघीयता हो । आपसमा सहमति र सहकार्यलाई जोड दिइएको छ । सरकार संवैधानिक मर्मअनुसार अघि बढ्दा शासन प्रणाली संस्थागत हुन बल पुग्छ ।

बाढी प्रभावित क्षेत्रमा ७ हजार ५ सयभन्दा बढी घरलाई क्षति पुगेको छ । १ हजार ५ सयले ज्यान गुमाएका छन् । ५ हजार बेपत्ता छन् । पूर्वाधारमा भएको क्षति धेरै छ । १२ जलविद्युत् आयोजनामा क्षति पुग्दा विद्युत् उत्पादन घटेको छ । यी सबै कामलाई पूर्ववत अवस्थामा फर्काउन सरकारले योजना, कार्यक्रम, समन्वय र सहकार्यमा लय मिलाउन आवश्यक छ । स्थानीय तह घरदैलोको सरकार हो । स्थानीय तहको सहभागिता र उपस्थिति विना संघीय सरकारले विपत व्यवस्थापन गर्न संभव छैन । बाढी प्रभावितलाई पुनःस्थापनाको लागि जग्गाको खोजी गर्नुपर्ने भएको छ । पहिले भएकै ठाउँमा घर बनाउन समस्या छ, हराभरा बस्ती बगर बनेको छ । जोखिमयुक्त ठाउँमा पुनः बस्ती बसाल्ने जोखिम सरकारले लिनु हुन्न । जग्गाको खोजी स्थानीय तहको साथ विना संभव छैन । राहत वितरणको काम प्रदेश र स्थानीय तहको संयोजनमा जति सहज हुन्छ, संघीय सरकारबाट संभव छैन ।

कोभिड महामारी नियन्त्रणमा तहगत सरकारबिच दरिलो संयोजन थियो । कोभिड महामारीमा भएको संयोजनले नै समुदाय तहमा महामारी फैलिन पाएन् । बाढी प्रभावित क्षेत्रलाई पुनर्जीवन दिन प्रभावकारी संयोजनको खाँचो छ ।

## २५ अंकले बढ्यो सेयर बजार



काठमाडौं । साताको पहिलो कारोबार दिन सोमबार सेयर बजार २५.५५ अंक बढेको छ । सो वृद्धिपछि बजार परिसूचक नेप्से २५८५ अंकमा कायम भएको छ । अघिल्लो कारोबार दिन पनि नेप्से २७ अंक बढेको थियो ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सेयर बजार सुधारका लागि कार्ययोजना ल्याउने तयारी गरिरहेका छन् । ती कार्यायोजनाले लगानीकर्ताको मनोबल बढ्ने अपेक्षास्वरुप दुई कारोबार दिनमा सेयर बजार ५२ अंक बढेको छ । कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन ४ अर्ब ३५ करोडको कारोबार भएकोमा ४ अर्ब ६८ करोडको भयो ।

२२६ कम्पनीको मूल्य बढ्दा ४७ को घट्यो भने २ को स्थिर रह्यो । बैंकिङ ०.७८, विकास बैंक ०.८७, फाइनान्स १.६७, होटल तथा पर्यटन ०.८६, जलविद्युत् १.१६, लगानी ०.६४, जीवन बीमा १.४५, उत्पादन तथा प्रशोधन ०.५४, माइक्रोफाइनान्स ०.७८, निर्जीवन बीमा १.५०, अन्य १.३९ र व्यापार समूह १.३८ प्रतिशत बढे ।

इनिफिनिटी लघुवित्तको सेयर मूल्य ६.४३, त्रिशूली जलविद्युत् कम्पनीको ६.३८, सिर्जनशील लघुवित्तको ५.९३, सर्वोत्तम पेन्ट्सको ५.४०, मल्टिपर्पस फाइनान्सको ५.२१, सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको ४.६८, न्यादी हाइड्रोपावरको ४.५२ प्रतिशत मूल्य बढ्यो ।

उपकार लघुवित्तको मूल्य ८.२३ प्रतिशत घट्यो । त्यस्तै अभियान लघुवित्तको ५.२२, इमर्जिङ नेपालको ३.८६ प्रतिशत घट्यो ।

धेरै कारोबार भएका कम्पनीमा एनआरएन इन्फ्रास्ट्रक्चर, लिबर्टी इनर्जी, सानिमा मिडिल तमोर, रिलायन्स स्पिनिङ मिल्स, अपी पावर, रिडी पावर, शिवम् सिमेन्ट तथा सोलु हाइड्रोपावर छन् ।

# जलवायु जोखिमबाट शृंखलाबद्ध विपद र हिमाली महिमा



भानु पराजुली

“हिमालये महत्तेजो योगिनां तपोभूमिः” अर्थात् हिमाल योगीहरूको तपस्या गर्ने पवित्र भूमि हो । उपनिषद्को यस वाक्यमा आत्मान्वेषण, शान्ति र मुक्तिका लागि हिमालयलाई सर्वोत्तम क्षेत्र मानिएको छ ।

ऋग्वेद भन्छ– “गिरयः समुद्रस्य हृदयम् ।” अर्थात् पर्वतहरू समुद्रका हृदय हुन् । हिन्दुकुश हिमालयलाई देवताको पवित्र वासस्थानका साथै प्रकृति र दिव्यत्वको सङ्गमस्थल मानिएको छ । स्कन्द पुराणमा भनिएको छ -

हिमालयं समारभ्य यावदिन्दुसरोवरम् ।
तं देवनिर्मितं देशं हिन्दुस्थानं प्रचक्षते ।।





अर्थात् हिमालयदेखि इन्द्रसरोवरसम्म फैलिएको यो भूभाग देव निर्मित हो । शिवपुराणले हिमाललाई पर्वतहरूको राजा ‘पर्वतराज’ भनेको छ । हिमालय भौतिक पर्वतमात्र नभई आध्यात्मिक चेतनाको शिखर पनि हो । रामायणमा हनुमानले सञ्जीवनी बुटी ल्याएको प्रसङ्ग कोट्याउँदै वाल्मीकिले हिमालयलाई पराक्रमसँग जोडेका छन् ।

वाल्मीकि स्वयंले हिमालमै तपस्या गरी ज्ञान पाएको प्रसङ्ग छ । दुर्गासप्तशती चण्डीमा देवीले हिमालयलाई बासस्थान बनाएको कथा होस् वा पाण्डवहरूले जीवनको अन्त्यमा यहीँबाट स्वर्गारोहण गरेको प्रसङ्ग हिमालय मोक्ष, देहत्याग र आत्माको मुक्तिको थलो हो । जगद्गुरु शंकराचार्य भन्छन् :-

गंगा च यमुना चैव गोदावरी सरस्वती ।
नर्मदा सिन्धु कावेरी जलस्नानेन शुद्ध्येत् ।।

अर्थात् हिमालयबाट निस्कने पवित्र नदीहरू जीवन शुद्धिका स्रोत हुन् । बुद्ध दर्शनले पनि हिमालयलाई निर्वाण, ध्यान र आन्तरिक शुद्धताको प्रतीक मानेको छ ।

तिब्बती धर्मगुरु पद्मासम्भव (रिम्पोछे) ले हिमाली क्षेत्रमा तपस्या गरी बौद्ध धर्म फैलाएको मानिन्छ । महर्षि वेदव्यासले गण्डकी र कालीगण्डकी किनारमा तपस्या गरेका थिए । महाकवि कालिदासले ‘कुमारसम्भवम्’ मार्फत हिमालयलाई पृथ्वीको मेरुदण्ड मान्दै हिमाल र समुद्रबीचको जीवन्त सम्बन्ध उजागर गरेका छन् ।

पश्चिमा दार्शनिक जोन किट्स हिमालयलाई ‘मौन सौन्दर्य’ मान्दै भन्छन्-“सौन्दर्य नै सत्य हो, सत्य नै सौन्दर्य जुन हिमाली शान्तिमा मात्र प्रकट हुन्छ ।” अरस्तु भन्छन् - “प्रकृतिले केही पनि व्यर्थ गर्दैन ।” विलियम वड्र्सवर्थ पर्वतलाई धार्मिक अनुभव मान्छन् भने फ्रेडरिक नित्से पर्वतलाई ‘सुपरम्यान’ को प्रतीक देख्छन् । नित्सेका अनुसार, “पर्वत चढ्नु भनेको कमजोरी, डर र भ्रमबाट माथि उठ्नु हो ।” दार्शनिक गोथे पर्वतको सौन्दर्यले मानिसलाई दार्शनिक बनाउने दाबी गर्छन् । जोन रस्किन भने हिमालयलाई बड्प्पन, नम्रता र धैर्य सिकाउने नैतिक मूल्यसँग जोड्छन् ।

रुसो पर्वतलाई प्राकृतिक स्वतन्त्रताको हिमायती ठान्दै भन्छन्– “पर्वतीय स्थानमा आत्मा स्वतन्त्र हुन्छ ।” चर्चित पर्वतारोही रिनहोल्ड मेस्नर भन्छन्– “हिमाल सधैं आन्तरिक सत्य बुझ्ने अवसर हो ।”

पूर्वीय होस् या पश्चिमा, कुनै पनि संस्कृति र साहित्य हिमालको प्रसङ्गविना पूर्ण हुँदैन । युधिष्ठिर हिमालबाटै सोझै स्वर्ग उक्लेको र किरात महादेव हाम्रै हिमालमा खेलेको महाभारतमा उल्लेख छ । पर्वतको विशालतासामु मानिसले आफूलाई क्षुद्र पाउँछ र सृष्टिकर्ताको महानतासामु नतमस्तक हुन्छ । उहिलेका ऋषिमुनिहरूले ज्ञान पाएझैं रुसो, रस्किन, गोथे, नित्से, वड्र्सवर्थ र किट्सले हिमालयमै शान्तिको प्रेरणा पाए । पूर्वलाई हिमालले जीवन, सभ्यता र मोक्ष दिएको छ ।

गुराँसे वन, बुकी लेक र हिमशीतलताले सिङ्गारिएको हिमाली वातावरण चहार्नु स्वच्छन्दताको उपभोग गर्नु हो । कश्मीरदेखि आसामसम्म करिब १५ सय माइल लामो हिमालय पर्वतमालामध्ये नेपालमा ५ सय माइल पर्छ । विश्वका १० प्रमुख अग्ला हिमालमध्ये ९ वटा नेपालमै छन् भने २० हजार फिटभन्दा अग्ला करिब २४० चुलीहरू यहाँ अवस्थित छन् ।

तर आज हामीले हिमाल, हिमाली संस्कार र संस्कृतिलाई बिर्सँदै गएका छौं । हाम्रा सम्पदा ओझेल पर्दैछन् । हामी हिमाल हेरेर र यसका गीत, कविता सुनेर मात्रै मख्ख छौं । वास्तवमा हिमाली क्षेत्रको विकासको मुख्य आधार जैविक विविधता र पर्यटन नै हो ।

नेपालका हिमालबारे चर्चा चलेको वर्षौं भयो, तर ठोस योजना र कार्यान्वयन हुन सकेको छैन । हिमाल भौगोलिक चिनारी मात्र होइन, हाम्रो अस्तित्व, संस्कृति र सम्भावनाको मूल स्रोत हो । करिब ७५ प्रतिशत नेपालीले गोसाइँकुण्ड, पाथिभरा, मुक्तिनाथ,



तिलिचो, हिल्सा जस्ता हिमाली क्षेत्रलाई धार्मिक धाम मान्छन् ।

हिमाली पर्यटन नेपाली अर्थतन्त्रको मेरुदण्ड हो । पदयात्रा, हिमारोहण र धार्मिक यात्राबाट ठूलो मात्रामा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । नेपालको करिब १५ प्रतिशत भूभाग ओगटेको यो क्षेत्रमा अन्नपूर्ण, सगरमाथा, मनास्लु, लाङटाङका साथै मर्दी जस्ता नयाँ पदमार्गको खोजी र विकास अत्यावश्यक छ ।

यद्यपि, हिमाली जनजीवन र पर्यटनमा ठूला चुनौती थपिएका छन् । जलवायु परिवर्तन, अतिक्रमण, फोहोरमैला, पूर्वाधारको अभाव, मौसमी निर्भरता, पर्यावरणीय क्षति र स्थानीयले पाउने न्यून लाभ प्रमुख समस्या हुन् । सुकरात भन्छन्- “ज्ञानविना नैतिकता अधुरो हुन्छ, तर ज्ञान भएर पनि कर्म नगर्नु झनै ठूलो दोष हो ।”

नेपालबाट वर्षैपिच्छे भारतीय उपमहाद्वीपमा बग्ने २२५ घनकिलो पानीको स्रोत हिमाल नै हो जसले दक्षिण एसियामा छुट्टै नदी सभ्यताको विकास गरेको छ । तर सभ्यताको यो पुजारी हाम्रै कारणले सङ्कटमा छ । नेपालको हिमाली क्षेत्र जलवायु परिवर्तन र बढ्दो विपद्को चपेटामा छ । हिमालय हिउँका पहाडमात्र नभएर दक्षिण एसियाको पानी, जैविक विविधता, कृषि, ऊर्जा, पर्यटन र करोडौं मानिसको जीवनसँग जोडिएका प्राकृतिक प्रणाली हुन् । हिन्दुकुश हिमालयका नदी प्रणालीले करिब १.९ अर्ब मानिसलाई पानी उपलब्ध गराउँछन् ।

इसिमोडको ‘ग्लेसियर आउटलुक २०२६’ अनुसार सन् २००० पछि हिन्दुकुश हिमालयका हिमनदी पग्लेने दर दोब्बर भएको छ । गत ५० वर्षको अवलोकनमा ८९ प्रतिशत समय हिमनदीको पिण्ड सन्तुलन नकारात्मक देखिएको छ । सुरुमा नदीमा पानी बढे पनि दीर्घकालमा भण्डार रित्तिएर सुक्खा याममा पानीको हाहाकार हुने जोखिम छ । यसलाई ‘पहिले बढी पानी, पछि पानीको अभाव’ भनेर बुझ्न सकिन्छ ।

हिमनदी पछाडि हट्दा नयाँ हिमताल बन्ने वा पुराना ताल विस्तार हुने क्रम बढेको छ । यस्ता तालको प्राकृतिक बाँध भत्किँदा हिमताल विस्फोटनजन्य बाढी (नीइँ) आउँछ जसले पुल, सडक, जलविद्युत् र बस्ती ध्वस्त पार्छ ।

नेपालमा सन् १९७७ यता २६ वटा हिमताल फुटेका अभिलेख छन् । यसैले हिमाली जोखिमलाई एकल घटनाका रूपमा होइन, शृंखलाबद्ध विपद्का रूपमा हेर्नुपर्छ जसलाई भूकम्प, अव्यवस्थित सडक निर्माण र वन विनाशले अझ भयानक बनाइरहेका छन् ।

आईपीसीसीका अनुसार एसियाका उच्च पर्वतीय क्षेत्रमा हिमताल फुट्दा तल्लो तटीय क्षेत्रमा गम्भीर खतरा उत्पन्न भइरहेको छ । हिमाली विपद् प्राकृतिक जोखिम, मानवीय संकटापन्नता र अव्यवस्थित विकासको संयुक्त दुष्परिणाम हो ।

यी क्षेत्रमा स्थायी हिमभूमि (Permafrost) पग्लेका कारण आकस्मिक बाढी, गेग्रान बहाव, पहिरो र हिमपहिरोको जोखिम बढेको छ । त्यसैले नेपालमा जलवायु अनुकूलनलाई वातावरण मन्त्रालय वा विपद् व्यवस्थापनमा मात्र सीमित नराखी कृषि, ऊर्जा, खानेपानी, सडक, पर्यटन, स्थानीय शासन र वित्तीय नीतिसँग एकीकृत गरिनुपर्छ ।

सन् २०२४ अगस्टमा सोलुखुम्बुको थामेमा चट्टानी हिमपहिरोले हिमतालमा छाल उत्पन्न गर्दा करिब १ लाख ५६ हजार घनमिटर पानी अचानक बग्यो । यो तापक्रम वृद्धि, ढलान अस्थिरता र हिमताल विस्थापनको शृ लाबद्ध परिणाम थियो ।

गत भदौ १० गते भोटेकोसीमा आएको विनाशकारी बाढीले पनि यही प्रवृत्ति देखायो । यसले नेपाल-चीन सीमावर्ती पूर्वाधार र सञ्चार ठप्प पारिदियो । भोटेकोशसीको उद्गमस्थल (चीनको जिलोङ क्षेत्र) मा रहेका साना हिमताल फुटेका भन्दा पनि करिब ५,२०० मिटर उचाइको ल्हेन्दे नदीको माथिल्लो भागबाट करिब १,३०० मिटर चौडा हिम-चट्टान पहिरो खसेका कारण यो बाढी आएको भूउपग्रह तस्बिरहरूले देखाएका छन् । उक्त पहिरोले ५.२ म्याग्निच्युडको भूकम्पसरहको धक्का दिएको थियो । हिमनदी भत्किँदा नदीको प्रवाह अवरुद्ध भई बनेको अस्थायी प्राकृतिक बाँध पानीको दबाबले फुट्दा यो विनाश भएको हो । त्यसैले यसलाई परम्परागत हिमताल विस्फोटभन्दा पनि ‘हिम-चट्टान पहिरोबाट उत्पन्न प्राकृतिक बाँध भत्किँदाको बाढी’ भन्नु उपयुक्त हुन्छ ।

यो घटनाले हिमाली विपद्को सीमापार प्रकृति र सीमापार तथ्याङ्क आदानप्रदानको अनिवार्यतालाई स्पष्ट पारेको छ । विश्वव्यापी उत्सर्जनमा नगण्य योगदान भए पनि हिमाली समुदायले यसको भारी सजाय भोग्नु परिरहेको छ जुन जलवायु न्यायको विषय हो । दुर्गम हिमाली क्षेत्रमा कमजोर स्वास्थ्य सेवा, यातायात र सञ्चारको पहुँचहीनता, गरिबी र पूर्वतयारीको कमी जस्ता समस्या छन् । नेपालको राष्ट्रिय जलवायु अनुकूलन योजना (२०२१-२०५०) ले यी जोखिम पहिचान गरे पनि विषयगत निकायहरूबीच समन्वय अभाव छ ।

नेपालले अब भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित जोखिम नक्साङ्कन, बहुविपद् पूर्वसूचना प्रणाली र सीमापार सहकार्यमा लगानी बढाउनुपर्छ । विपत्तिपछि सहायतामुखी पुरानो शैली त्यागेर ‘तथ्याङ्क विश्लेषण, जोखिम पूर्वानुमान, पूर्वसूचना, न्यूनीकरण र उत्थानशील विकास’ को बाटो समात्नुपर्छ । थामे र भोटेकोशीका घटनाले हिमाल संरक्षण वातावरणीय मुद्दामात्र नभई जलसुरक्षा, खाद्य सुरक्षा र राष्ट्रिय विकासको रणनीतिक प्राथमिकता बनेको पुष्टि गरेका छन् । हिमालय बचाउनु भनेको आफ्नै भविष्य बचाउनु हो । हिमालमा हुने फेरबदलको असर तल्लो तटीय क्षेत्रका नदी, कृषि, ऊर्जा, सहर, उद्योग र सिङ्गो अर्थतन्त्रमा पर्छ । तसर्थ, नेपालले प्रतिक्रियात्मक संस्कृति छाडेर पूर्वानुमान र पूर्वतयारीको संस्कृति अपनाउँदै ‘जलवायु उत्थानशील पर्वतीय विकास’ लाई मूलधारमा ल्याउनु अपरिहार्य भइसकेको छ ।

## एसियाली खेलकुद:

# क्रिकेटमा नतिजा बदल्ने लक्ष्यमा नेपाल



लोकेश धामी

एसिसी प्रिमियर कप विजेता नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले लगत्तै अब २०औँ संस्करणको एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्ने तालिका छ । असोज ३ गतेदेखि जापानमा आयोजना हुन लागेको प्रतियोगितामा क्रिकेटतर्फ नेपालको पुरुष टोलीले प्रतिस्पर्धा गर्न लागेको हो ।

एसियाली खेलकुदमा क्रिकेटमा नेपालको यो चौथो सहभागिता हो । नेपाली टोलीले यसअघि सन् २०१०, २०१४ र २०२३ को एसियाली खेलकुदमा भाग लिएको थियो । ती तीनवटै संस्करणमा नेपालले क्वार्टरफाइनलसम्मको यात्रा गरेको थियो ।

यसपालि टोली उच्च लयमा रहेका कारण क्वार्टरफाइनलभन्दा माथि पुग्नसक्ने खेलाडी र खेल विश्लेषकको अनुमानमा छ । राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी शक्ति गौचन यसपटक नेपालले विगतभन्दा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्दछन् ।

"विगतको संस्करणमा हामी एसियन गेम्सको क्वार्टरफाइनलसम्म पुगेका थियौँ । हामीले त्यति नै गर्न सक्यौँ । अहिलेको टोलीसँग त्योभन्दा राम्रो नतिजा निकाल्ने क्षमता छ," गौचनले भने-"एसियन गेम्समा क्रिकेटतर्फ नेपाल क्वार्टरफाइनलभन्दा माथि पुग्ने सम्भावना धेरै छ । केही दिनअघि एसिसी प्रिमियर कपमा उपाधि जितेका कारण पनि टोलीमा आत्मविश्वास बढेको छ ।"

समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्न सके क्वार्टरफाइनलमा बलियो टोलीसँग प्रतिस्पर्धा गर्न पाइने भएकाले टोलीले उच्च मनोबलका साथ खेल्नुपर्ने उनको भनाइ छ । "हामीले गोल्ड मेडलको आशा गरेर खेल्नुपर्छ । क्रिकेटमा त्यो सम्भावना पनि छ । टी-२० ढाँचामा जुन टोलीले जसलाई पनि हराउन सक्छ," राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य रहेका गौचनले भने-"एसियन गेम्स ठूलो प्रतियोगिता भएकाले खेलाडीसामु आफ्नो क्षमता देखाउने अवसर पनि हो । केही वर्षयता टी-२०आई क्रिकेटमा लगातार राम्रो गरिरहेकाले आसन्न एसियन गेम्समा पनि नेपालले राम्रो नतिजा ल्याउनेछ ।"

उनले आफूले एसियन गेम्स खेल्दाको अनुभव पनि सुनाए । "मैले तीन संस्करणमध्ये सन् २०१४ मा भएको एसियन गेम्समा खेल्ने मौका पाएको थिए । त्यतिबेला हामीले क्वार्टरफाइनलसम्मको यात्रा गरेका थियौँ । अफगानिस्तानसँगको हारले यात्रा रोकिएको थियो । यसपालि नेपालले समूह चरणमै अफगानिस्तानसँग खेल्दैछ, आशा छ टोलीले उच्चस्तरको प्रदर्शन गर्नेछ," गौचनले भने- "त्योबेला र अहिले नेपाली क्रिकेटमा धेरै परिवर्तन छ । टी-२० ढाँचाका लागि हामीसँग खेलाडीको विकल्प बढेको छ । टोलीको वरीयतादेखि अन्य पक्षमा धेरै सुधार भएको छ।"

**एसियाली खेलकुदमा नेपालको प्रदर्शन**

नेपालले क्रिकेटतर्फ पहिलोपटक सन् २०१० को एसियाली कुलकदमा प्रतिस्पर्धा गरेको थियो । चीनको ग्वाङ्झाउमा भएको उक्त संस्करणमा नेपालले समूह चरणमा हङकङविरुद्ध ३० रनको पराजय व्यहोर्दा माल्दिभ्सविरुद्ध ७५ रनको एकतर्फी जित निकालेको थियो ।

समूह उपविजेताको रूपमा क्वार्टरफाइनलमा पुगेको नेपाली टोली श्रीलङ्काविरुद्ध २ विकेटले पराजित भयो । नेपाली क्रिकेट टोलीले दोस्रोपटक सन् २०१४ को एसियाली खेलमा सहभागिता जनाएको थियो । दक्षिण कोरियाको इन्चोनमा भएको त्यस संस्करणमा नेपालले समूह चरणमा कुवेतविरुद्ध ९ विकेट र माल्दिभ्सविरुद्ध सात विकेटको फराकिलो जित दर्ता गरेको थियो ।

क्वार्टरफाइनलमा भने नेपाल अफगानिस्तानसँग ८ रनले स्तब्ध भयो । नेपालले तेस्रोपटक १३ वर्षपछि एसियाली खेलकुदको क्रिकेट प्रतियोगितामा प्रतिस्पर्धा गर्‍यो । सन् २०२३ मा चीनको हाङ्झाउमा भएको उक्त संस्करणमा नेपालले समूह चरणमा मङ्गोलियाविरुद्ध २७३ रन तथा माल्दिभ्सविरुद्ध १३८ रनको जित निकालेको थियो ।

क्वार्टरफाइनलमा भने नेपालले पुनः विगतकै नतिजा दोहोर्‍यायो । गत संस्करणमा क्वार्टरफाइनलमा नेपालले भारतविरुद्ध २३ रनको हार व्यहोरेको थियो । यसरी हेर्दा तीन संस्करणसम्म आइपुग्दा नेपाल क्वार्टरफाइनलमा रोकिएको छ । नेपालसामु यसपालि विगतको नतिजामा सुधार गर्दै अघिल्लो चरण पुग्ने चुनौती छ ।

प्रतियोगितामा नेपालले समूह चरणमा असोज ९ गते अफगानिस्तान र असोज १० गते जापानविरुद्ध खेल्ने तालिका छ । समूह चरणमा तालिकाको शीर्ष दुईमा स्थानमा हासिल बनाउन सके नेपालले क्वार्टरफाइनलमा भारत र श्रीलङ्कामध्ये एउटा टोलीविरुद्ध खेल्ने अवसर पाउनेछ ।

आसन्न संस्करणको एसियाली खेलकुदका लागि नेपाल ओलम्पिक कमिटीले १५ सदस्यीय टोली घोषणा गरिसकेको छ । टिममा दीपेन्द्र सिंह ऐरी (कप्तान), रोहितकुमार पौडेल, आसिफ शेख, कुशल भुर्तेल, लोकेश बम, सन्दीप जोरा, कुशल मल्ल, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, आरिफ शेख, गुल्शनकुमार झा, नन्दन यादव, ललित राजवंशी र शेर मल्ल रहेका छन् ।

# वामपन्थी एकता अभियानको प्रदेशस्तरीय कार्यक्रम लुम्बिनीमा हुँदै

बुटवल । पुष्पलाल मित्रता केन्द्रले वामपन्थी दलहरूबीच सहकार्य र एकताका लागि जनमत निर्माण गर्ने उद्देश्यले प्रदेशस्तरीय अभियान चलाएको छ ।

नेकपाका नेता जगन्नाथ खतिवडाको नेतृत्वमा रहेको केन्द्रले वामपन्थी एकताको पहलकदमी स्वरूप सातै प्रदेशमा 'वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी दलहरूको भूमिका' विषयमा अन्तरक्रिया कार्यक्रम गरेको हो ।

हालसम्म ६ वटा प्रदेशमा कार्यक्रम सम्पन्न भइसकेको उनले बताए । उनका अनुसार अब लुम्बिनी प्रदेशमा कार्यक्रम हुन बाँकी छ । कार्यक्रममा स्थानीय तथा प्रदेश तहमा रहेका विभिन्न कम्युनिस्ट घटकका शीर्ष नेताहरूलाई सहभागी गराएर उनीहरूका धारणा राख्न लगाउने गरिएको बताए ।

उनले भने-'वामपन्थी दलहरूबीच सहकार्य र एकता कसरी सम्भव बनाउन सकिन्छ भन्ने विषयमा समेत छलफल हुने गरेको छ । सबै कम्युनिस्ट घटकका नेताहरूलाई त्यहाँ आफ्नो विचार राख्न लगाएर वाम एकताको जनमत निर्माण गर्ने काममा लागेको छु ।'

प्रदेशस्तरीय कार्यक्रमले वामपन्थी दलहरूबीच सहकार्य र एकताका लागि सकारात्मक दबाब सिर्जना गरिरहेको उनको भनाइ छ । विभिन्न कम्युनिस्ट घटकका नेताहरूले कार्यक्रममा सहभागी भएर वाम सहकार्य र एकताका लागि प्रतिबद्धता जनाउने गरेको पनि उनले बताए ।

केन्द्रद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा पुष्पकमल दाहाल प्रचण्ड, मधेसमा माधव नेपाल, कर्णालीमा देव गुरुङ, कोशीमा राजेन्द्र पाण्डे, गण्डकीमा सुरेन्द्र पाण्डे र सुदूरपश्चिममा नारायणकाजी श्रेष्ठ सहभागी भएको भएको बताए । लुम्बिनी प्रदेशमा हुने कार्यक्रममा डा. भीम रावल सहभागी हुने उनको भनाइ छ । केन्द्रको कार्यक्रममा करिब साढे तीनदेखि साढे चार सयसम्मको सहभागिता रहने गरेको बताए ।

वामपन्थी विचारधाराप्रति आस्था राख्ने नागरिकसँगै बुद्धिजीवी वर्गको समेत कार्यक्रममा रुचि बढिरहेको जिकिर गरे ।

उनले थपे-'वामपन्थी जनमत निर्माणको लागि राम्रै छलफल र आन्तरिक तरङ्ग पैदा भएको छ ।'

# एमाले पुनर्गठन कार्यदल बैठक निश्कर्षविहीन

बुटवल । नेकपा (एमाले) को निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलको बैठक निश्कर्षविहीन भएको छ । बैठकमा प्रतिवेदनबारे सहमति जुट्न नसकेपछि दुवै प्रतिवेदनलाई मिलाएर एउटै बनाउन तीन नेतालाई जिम्मा दिइएको छ ।

काभ्रेको बल्थलीमा दुई दिन बसेको बैठकमा सहमतिका लागि प्रयास भएको थियो । तर, दुवै प्रतिवेदनमा सहमति जुट्न नसकेको एमाले सचिव लेखराज भट्टले बताए ।

एमाले पुनर्गठनका लागि कार्यदलका सदस्य सचिव शंकर पोखरेलले प्रतिवेदन लेखेका थिए । जसमा उनले अध्यक्ष केपी शर्मा ओलीलाई मार्गप्रशस्त गर्नुपर्ने उल्लेख गरिएको थियो ।

त्यसमा अध्यक्ष ओलीको चित्त नबुझेपछि कार्यदलका संयोजक रामबादुर थापा 'बादल'लाई अर्को प्रतिवेदन लेख्न लगाएका थिए। त्यसपछि बादल र पोखरेलको प्रतिवेदन बैठकमा प्रस्तुत भएको थियो ।

बैठकले दुवै प्रतिवेदन मिलाएर एउटै बनाउने निर्णय गरेको थियो । त्यसका लागि बल्थलीमा आवासीय बैठक बसेको हो । तर, बल्थली बैठकमा पनि सहमति जुट्न सकेन ।

बल्थली बैठकले दुवै प्रतिवेदनलाई एउटै बनाएर ल्याउन कार्यदलका संयोजक बादल, सदस्य विष्णुप्रसाद पौडेल र सदस्य सचिव पोखरेललाई जिम्मा दिएको सचिव भट्टले जानकारी दिए ।

'दुवै मस्यौदा र कार्यदलका सदस्यहरूले दिएका सुझावहरूलाई मिलाएर एउटै प्रतिवेदन बनाउन जिम्मेवारी दिएको छ ।'-उनले भने ।

तीनै नेतालाई दुई दिनको समय दिइएको छ । त्यसपछि बस्ने कार्यदलको बैठकले प्रतिवेदन पारित गरेर एमाले केन्द्रीय सचिवालयलाई बुझाउने भट्टले बताए ।

कार्यदलका सदस्यसचिव शङ्कर पोखरेलले कार्यदल बैठकमा प्रतिवेदन मस्यौदा पेस गर्दै निकासका लागि उपयुक्त विकल्प नै प्रतिनिधि परिषद् हुने प्रस्ताव गरेका थिए । तर, पोखरेलको उक्त प्रस्तावमा कार्यदल संयोजक तथा पार्टी उपाध्यक्ष रामबहादुर थापा बादल, सचिव महेश बस्नेतलगायत कार्यदलका सदस्यहरूले प्रतिनिधि परिषद् बैठक आवश्यक नभएको तर्क गरेका थिए ।

भदौ २६ गते च्यासलमा बसेको कार्यदल बैठकमा कार्यदल संयोजक बादलले आफ्नो र महासचिव पोखरेलले तयार पारेका दुई प्रतिवेदन मस्यौदा पेस गरेका थिए । दुई वटा प्रतिवेदन बनेपछि तिनलाई मिलाएर एउटै बनाउन भन्दै आवासीय बैठक बस्न नेताहरू सहमत भएका थिए ।

सोही सहमतिअनुसार काभ्रेमा बसेको कार्यदलको बैठकमा नेताहरूले आ-आफ्नो धारणा राखेका थिए । तर, निष्कर्षमा के लेख्ने भन्नेमा नेताहरूबिच अध्यक्ष केपी शर्मा ओलीले पद छाड्न पर्ने कि नपर्ने वा छाड्दा कुन विधि अपनाउने भन्नेमा विवाद भएको हो । संयोजक थापाले तयार पारेको मस्यौदामा प्रतिनिधि परिषद् बैठकको आवश्यकता नै नभएको उल्लेख छ भने पोखरेलले तयार पारेको प्रतिवेदनमा निकासका लागि विशेष महाधिवेशन बोलाउन सकिने सुझाव छ । यही दुई थरी धारणाका कारण एउटै प्रतिवेदन बनाउने विषय रुमल्लिएको छ ।

पोखरेलले देशभर सङ्कलन गरेको सुझावका आधारमा आफ्नो प्रतिवेदनमा पार्टी पुनर्गठनमा जोड दिँदै गत चुनावको हारलाई नैतिक जिम्मेवारी बोध गरेर अध्यक्ष केपी ओलीले पद छोड्नु उपयुक्त हुने सुझाव छ । जुन प्रतिवेदनको पक्षमा बहुमत कार्यदल सदस्यहरू उभिएका छन् । तर, बहुमत सदस्यहरू विशेष महाधिवेशनको पक्षमा पुगेपछि कार्यदल संयोजक थापाले अध्यक्ष ओलीको निर्देशनमा विशेष महाधिवेशन कुनै हालतमा स्वीकार्न नसकिने अडान छाडेका छैनन् ।

नेकपा एमालेको विधानमा विशेष महाधिवेशन दुई प्रकारले गर्न सकिने व्यवस्था छ । एमाले विधानको धारा ७२ मा विशेष महाधिवेशन, अधिवेशन र बैठक सम्बन्धी व्यवस्था छ ।

जसको उपधारा 'क' मा ठोस कार्यसूची र कारण दर्साई दुई तिहाइ जिल्ला कमिटी वा बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले लिखित रूपमा माग गरेमा माग पत्र दर्ता गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्ने उल्लेख छ ।

यसको अर्थ ७७ जिल्ला कमिटीमध्ये बहुमत अर्थात् ३९ जिल्ला कमिटी वा बहुमत महाधिवेशन प्रतिनिधिले लिखित रूपमा महाधिवेशन माग गरेमा केन्द्रीय कमिटीले महाधिवेशन बोलाउनुपर्ने हुन्छ । एमालेमा झन्डै २२ सय महाधिवेशन प्रतिनिधि रहेका छन् ।

महासचिव पोखरेलले सात प्रदेश, सम्पर्क समन्वय, प्रवास, राजधानी प्रदेश, केन्द्रीय विभाग र आयोगहरू, केन्द्रीय सल्लाहकार र जनसङ्गठनको समेत सुझावलाई अनुसूचीमा समावेश गर्दै नेतृत्व हस्तान्तरणलाई विधान संशोधनमार्फत वैधानिक फोरमबाटै सम्बोधन गर्नु उपयुक्त हुने प्रस्ताव गरेका हुन् ।

'पार्टी र सरकारको कामको समीक्षा तथा पार्टी शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक असोजमा आयोजना गर्ने,' प्रस्तावमा छ, 'उक्त बैठकबाट पार्टी पुनर्गठनको कार्ययोजना पारित गरी नयाँ योजना र सङ्कल्पका साथ पार्टी पुनर्जागरणको अभियानलाई तीव्रताका साथ अघि बढाउने । महाधिवेशन प्रतिनिधि परिषद्को बैठक सम्पन्न भए लगत्तै सोही बैठकलाई विधान महाधिवेशनमा रूपान्तरण गर्ने र विधान संशोधन गर्ने ।'

यो प्रस्तावप्रति अध्यक्ष ओली, उपाध्यक्ष तथा कार्यदल संयोजक थापा, सचिव महेश बस्नेतलगायतका नेताहरू सहमत नहुँदा बल्थली बैठकमा नेताहरूबिच भनाभन नै चलेको थियो ।

सर्वदलीय...

उच्चस्तरीय सर्वदलीय संयन्त्र गठनलगायत विषयमा १६ भदौमा दोस्रो चरणको सर्वदलीय बैठक बसेको थियो । दोस्रो तहका नेताहरू सहभागी उक्त बैठकले राहत, उद्धार र पुनर्स्थापनामा सरकारसँग समन्वय गरेर अघि बढ्ने सहमति गरेको थियो ।

बैठकपछि प्रदेश, जिल्ला र स्थानीय तहमा सर्वदलीय संयन्त्र बनाउन सकिने अवस्था बनेको रास्वपाका प्रवक्ता जगदीश खरेलले बताएका थिए । २२ भदौमा खरेलले भनेका थिए, 'प्रदेश, जिल्ला र स्थानीय तहले आफैंले संयन्त्र बनाउन सक्छन् । केन्द्रको हकमा छलफल चलिराखेको छ ।' उनका अनुसार केन्द्रमा संयन्त्र बनाउने विषयमा दुई विकल्पमा छलफल भइरहेको थियो- एउटा संसदीय समिति बनाउने र अर्को संसद्बाहिर उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने ।

'संसदीय समिति बनाउँदा त्यसले कानुनी अधिकार पाउने र सरकारसँग समानान्तर संरचनाजस्तो देखिन सक्ने भएकाले संसद्बाहिर राजनीतिक संयन्त्र बनाउने विषयमा पनि छलफल भएको उनले बताएका थिए । 'शीर्ष नेताहरू सम्मिलित संयन्त्र बनाउने र त्यसले नीतिगत विषयमा नेतृत्व गर्ने भन्ने छलफल छ । यस्तोमा टप लेभलको संयन्त्रअन्तर्गत अर्को टास्क फोर्स बनाउने भनेर कुराकानी भएको छ,' खरेलले भनेका थिए ।

उनका अनुसार सरकार जुनसुकै दलको भए पनि विपद्का विषयमा दीर्घकालीन रूपमा काम गर्ने स्थायी प्रकृतिको उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउने विषयमा पनि छलफल भएको थियो । 'सरकार जसको भए पनि विपद्बारे दीर्घकालीन रूपमै काम गर्ने गरी स्थायी प्रकृतिको उच्चस्तरीय राजनीतिक संयन्त्र बनाएर जान सकियो भने यो प्रभावकारी हुन्छ भन्ने पनि आएको छ ।'- उनले भनेका थिए ।

तर यी छलफलबाट केन्द्रमा कस्तो संयन्त्र बनाउने भन्ने विषयमा अहिलेसम्म टुंगो लाग्न सकेको छैन । 'सत्तारुढ दलको सभापतिले ल्याएको प्रस्ताव कार्यान्वयन हुनुपर्छ'

रास्वपा सभापति लामिछानेले नै प्रस्ताव गरेको विषय भएकाले यसलाई अघि बढाउन सरकार र सत्तारुढ दलबाटै ठोस पहल हुनुपर्ने बताउँछन् नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल । 'पछिल्लो पटक प्रतिनिधिसभामा रास्वपाका सभापतिले यो विषयमा बोलेको पनि एक साता हुन लाग्यो। तर औपचारिक रूपमा फेरि बैठक बस्ने तय भएको छैन ।'- दुलालले भने ।

यस विषयमा विपक्षी दलहरूले पनि छुट्टै छलफल गरेका छन् । २५ भदौमा सिंहदरबारमा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने विपक्षी दलहरूको बैठक बसेको थियो । उक्त बैठकमा सर्वदलीय संयन्त्र गठन भए त्यसको कार्यादेश र कानुनी हैसियत कस्तो हुने भन्ने विषयमा छलफल भएको दुलालले जानकारी दिए ।

'समितिको कानुनी हैसियत के हुने ? आदि विषयमा छलफल भयो। कार्यादेश प्रभावकारी बनाउने, अनुगमन गरेर निर्देशन दिएपछि सरकारले त्यसलाई कार्यान्वयन गर्नुपर्छ भन्नेसम्मको कुरा गरेर उठेका थियौं ।'- उनले भने ।

विपक्षी दलहरूको बैठकले विपद् व्यवस्थापन, राहत, उद्धार, खोजी तथा पुनर्स्थापनाका काम प्रभावकारी बनाउन संसदीय विशेष समिति गठन गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णयसमेत गरेको थियो ।

एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालका अनुसार सरकारी राहत तथा उद्धार कार्यको अनुगमन, निरीक्षण, थप सुझाव र संसदीय तवरबाट आवश्यक सहजीकरणका लागि संसदीय विशेष समिति गठन गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय भएको थियो ।

विपक्षी दलका नेताहरूले संसदीय विशेष समिति गठनका लागि संसद्मा आवाज उठाउने र सरकारको निरन्तर ध्यानाकर्षण गराउने बताएका छन ।

तर, अहिलेसम्म सरकारले यस्तो समिति गठन गरेको छैन । रास्वपा सभापति लामिछानेको प्रस्तावका विषयमा निरन्तर छलफलमा सहभागी रास्वपाका एक पदाधिकारीका अनुसार अब यसको राजनीतिक नेतृत्व कहाँबाट हुने भन्ने प्रश्न पनि देखिएको छ ।

ती नेताले भने-'कि त प्रधानमन्त्री र सभापतिबिच असमझदारी हुनुपर्‍यो होइन भने सत्तारुढ दलको सभापतिले नै प्रस्ताव गर्नुभएको हो । सभापतिले संसदमा पनि राख्नुभयो । यसलाई कार्यान्वयन गर्नुपर्छ ।'

स्थानीय...

अगस्ट २६ मा उत्तरी सीमाक्षेत्रमा भएको उच्च हिमाली भूभागको घटना त्यसपछि भोटेकोसी हुँदै तल्लो तटीय क्षेत्रमा पुगेको बाढी तथा पहिरोको शृंखलासँग जोडिएको थियो । घटनाले सडक, पुल, बस्ती, जलविद्युत् आयोजना तथा अन्य पूर्वाधारमा ठूलो क्षति पुर्‍याएको छ ।

यसअघि मुस्ताङमै २०८० साल साउन २८ गते कागखोलामा आएको बाढीले पनि हिमाली बस्तीको जोखिम देखाएको थियो । बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीमा आएको बाढीमा मानवीय क्षति नभए पनि ठूलो भौतिक क्षति भएको थियो । प्रारम्भिक विवरणअनुसार २९ घर पूर्णरूपमा ध्वस्त भएका थिए भने १३ घरमा आंशिक क्षति पुगेको थियो ।

कागबेनीको उक्त बाढीले घरसँगै पुल, सडक, खेतीयोग्य जमिन तथा स्थानीयको जीविकोपार्जनमा समेत असर पारेको थियो। त्यसबेला भएको क्षतिको प्रारम्भिक अनुमान करिब एक अर्ब रुपैयाँबराबर रहेको विवरणसमेत सार्वजनिक भएको थियो ।

यस्ता घटनालाई पृष्ठभूमिमा राखेर घरपझोङ सम्मेलनमा जलवायु परिवर्तनको असरलाई स्थानीय तहको विकास र विपद् व्यवस्थापनसँग जोडेर छलफल गरिने घरपझोङ गाउँपालिका अध्यक्ष मोहासिंह लालचनले जानकारी दिए । देशभर पछिल्लो समय भइरहेका जलवायु परिवर्तनका घटना र विपद्लाई केन्द्रमा राखेर हुने छलफल स्थानीय तहको आगामी तयारीदेखि देशकै नीति निर्माणकै तहमा सहयोग पुग्ने गाउँपालिका महासंघ गण्डकीका अध्यक्ष नवराज ओझाले बताए ।

सम्मेलनको पहिलो दिन बिहान उद्घाटन समारोहमा प्रधानमन्त्रीको शुभकामना सन्देश पनि प्रस्तुत हुनेछ । दिउँसो साढे १२ बजेदेखि प्राविधिक सत्र सुरु हुनेछ ।

पहिलो सत्र 'जलवायु परिवर्तनको परिदृश्य : नीति र अभ्यास' विषयमा सहसचिव हरिप्रसाद शर्माले विश्वदेखि राष्ट्रिय सन्दर्भसम्मको अवस्थाबारे प्रस्तुति दिनेछन् । त्यसपछि प्रा. डा. विनोद दवाडीले नेपालमा जलवायु परिवर्तनको वर्तमान अवस्था, विशेषगरी गण्डकी प्रदेशमा केन्द्रित रहेर प्रस्तुति दिनेछन् ।

त्यस्तै गण्डकी प्रदेशको वातावरणको अवस्था, नेपालको राष्ट्रिय नीतिमा जलवायु परिवर्तन र भूमि सम्बन्ध तथा जलवायु परिवर्तनका अन्य नीतिगत पक्षमा प्रस्तुति हुनेछ ।

जलविद्युत् र पर्यटन विकासलाई दिगोपन तथा जलवायु उत्थानशीलतासँग कसरी सन्तुलन गर्ने, अन्नपूर्ण संरक्षण क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव, जलवायु वित्तको अवसर र चुनौती तथा स्थानीय सरकारको जलवायु कार्ययोजनालगायत विषय पनि छलफलको केन्द्रमा हुने छ ।

सम्मेलनको दोस्रो दिन वृक्षरोपणपछि 'जलवायु परिवर्तन : वातावरणीय संकट कि चेतनाको संकट ?' विषयमा प्रस्तुति तथा प्रश्नोत्तर हुनेछ । त्यसपछि 'घरपझोङ घोषणापत्र'को मस्यौदा प्रस्तुत गरी सहभागीबाट सुझाव लिइनेछ ।

नेपाल जलवायु परिवर्तनको प्रभावका हिसाबले उच्च जोखिममा रहेको मुलुकमध्ये पर्छ । हिमाली क्षेत्रमा तापक्रम वृद्धि, हिमनदीको तीव्र पग्लाइ, हिमतालको जोखिम तथा चरम वर्षा र आकस्मिक बाढीको जोखिम बढ्दै गएको सन्दर्भमा स्थानीय तहले विकास योजना बनाउँदा जलवायु जोखिमलाई केन्द्रमा राख्नुपर्ने बहस पनि तीव्र भएको छ ।

पछिल्लो हिमालयसम्बन्धी अध्ययनले पनि हिमनदीको क्षय र उच्च हिमाली क्षेत्रमा बढ्दो जोखिमप्रति गम्भीर चेतावनी दिएको छ ।

भोटेकोशी र कागबेनीका घटना फरक प्रकृतिका भए पनि दुवैले हिमाली बस्ती, पूर्वाधार र पर्यटन क्षेत्रलाई आकस्मिक विपद्बाट हुने जोखिम देखाएका छन् । घरपझोङ सम्मेलनमा यी विषय केन्द्रमा रहने अध्यक्ष लालचनले बताए ।


**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रुपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३




**तिजको परम्परा धान्ने थलो :**

हरितालिका तिजको अवसरमा दशकौंदेखि महिलाहरु जम्मा भएर नाचगान गर्ने बुटवलको मुख्य थलो बुटवल बहुमुखी क्याम्पस परिसर । विगतमा थुपै समूहहरु भेला भएर नाचगान गर्ने यो ठाउँमा पछिल्ला वर्षहरूमा महिला समूहहरू होटेल र पार्टी प्यालेसहरुमा केन्द्रित हुँदा यहाँ महिलाहरूको उपस्थिति न्यून हुँदै गएको छ ।

तस्विर : महेश रिजाल/दैनिक लुम्बिनी




**नाच्ने गाउनेलाई नि:शुल्क पानी :**

हरितालिका तिजको अवसरमा बुटवल बहुमुखी क्याम्पसमा नाचगान गर्न उपस्थित हुनेहरुका लागि पाल्पाली समाज नेपालले वर्षौंदेखि नि:शुल्करुपमा प्रशोधित पिउने पानी वितरण गर्दै आएको छ ।

समाजलाई पछिल्ला वर्षमा रेसुंगा फुड एण्ड बेभरेज इण्डस्ट्रिजका हरि गौतमले पानी सौजनय गर्दै आएका छन् । त्यसअघि समाजका पूर्व अध्यक्ष एवं समाजसेवी एमबी विश्वकर्माले पानी उपलब्ध गराउँदै आएका थिए । तस्विर : दैनिक लुम्बिनी ।

# वडाध्यक्षको व्यक्तिगत खर्चमा सडक मर्मत



अर्घाखाँची । छत्रदेव गाउँपालिका-८ का वडाध्यक्ष भीष्म कुँवरले वर्षायामका कारण बिग्रिएको सडक आफ्नै व्यक्तिगत खर्चमा मर्मत गराएर स्थानीयको आवागमन सहज बनाएका छन् । छत्रदेव गाउँपालिका-८ अन्तर्गत पर्ने मिलमिले-चिदीपानी-अर्घातोष सडकखण्ड वर्षाका कारण विभिन्न स्थानमा बिग्रिएपछि सवारीसाधन सञ्चालनमा समस्या हुँदै आएको थियो । सडक बिग्रिएर आवागमन प्रभावित भएपछि वडाध्यक्ष कुँवरले आफ्नै खर्चमा जेसीबी प्रयोग गरी सडक मर्मत तथा सरसफाइ गराएका हुन् ।

सडकमा खाल्डाखुल्डी पर्नुका साथै ठाउँ-ठाउँमा माटो तथा ढुंगा थुप्रिएका थिए । वर्षाका कारण सडकको अवस्था कमजोर बनेपछि सवारीसाधन सञ्चालनमा कठिनाइ हुँदै आएको स्थानीयले बताएका छन् । सडक मर्मतपछि अहिले सवारीसाधन सञ्चालनमा सहजता आएको छ । वडाध्यक्ष कुँवरले जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका सडक, खानेपानी, विद्युत्, शिक्षा र स्वास्थ्यलगायत आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताइएको छ । विशेषगरी वर्षायाममा सडक अवरुद्ध हुँदा स्थानीयले भोग्नुपर्ने समस्या तत्काल समाधान गर्न उनले व्यक्तिगत पहलसमेत गर्दै आएका छन् ।

उनी वडाका विभिन्न टोल तथा बस्तीमा पुगेर स्थानीयका समस्या सुन्ने, विकास निर्माणको अवस्थाबारे जानकारी लिने र आवश्यकताअनुसार वडाको तर्फबाट सहयोग तथा पहल गर्दै आएका छन् ।

स्थानीयका अनुसार वडाध्यक्ष कुँवर कार्यालयमा बसेर मात्र सेवा प्रवाह गर्नेभन्दा आवश्यकताअनुसार गाउँ-टोलमै पुगेर समस्या पहिचान गर्ने र समाधानका लागि पहल गर्ने गरेका छन् । वर्षाका कारण ग्रामीण सडकमा पटक-पटक समस्या आउने अवस्थामा जनप्रतिनिधिको प्रत्यक्ष पहलले स्थानीयलाई तत्काल राहत पुग्ने गरेको स्थानीयको भनाइ छ । कुँवरको व्यक्तिगत खर्चमा गरिएको सडक मर्मतले पनि स्थानीयलाई आवतजावतमा सहज भएको उनीहरूको भनाइ छ ।

सडक मर्मतपछि मिलमिले, चिदीपानी, अर्घातोषलगायत क्षेत्रका स्थानीयलाई आवतजावतमा सहज भएको छ । दैनिक उपभोग्य सामग्री ढुवानी तथा बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजानसमेत सहज हुने भएको स्थानीयले बताएका छन् ।

# एक महिनामा २० प्रतिशतभन्दा बढी मूल्यवृद्धि

बुटवल । काठमाडौं उपत्यकासहित देशभर तरकारी र फलफूलको मूल्य अचाक्ली बढेको छ। एकातिर चाडबाड, अर्कोतिर बाढी-पहिरोले यातायात अवरुद्ध भएको बहाना बनाएर तरकारी र फलफूलमा अस्वभाविक मूल्य वृद्धि भएको छ । व्यवसायीहरूले मनोमानी ढंगले मूल्य बढाउँदा पनि सरकारले अनुगमन नगरेको उपभोक्ताको को गुनासो छ । बाढीपहिरो र चाडपर्वका कारण केही मात्रामा महँगी बढ्नु स्वाभाविक भए पनि अहिलेको मूल्यवृद्धि अचाक्ली र सहन नसक्ने किसिमको रहेको ठम्याइ छ ।

ढुवानीकर्ताले धेरै भाडा असुल्ने गरेको र बाटोमा कुहिने तथा बिग्रिने (ड्यामेज) तरकारीको परिमाणसमेत धेरै हुने भएकाले मुनाफा सुरक्षित गर्नुपर्दा महँगी बढेको व्यवसायीको भनाइ छ । तरकारी बजारका थोक विक्रेताहरूको पनि उस्तै गुनासो छ । मुग्लिनतर्फको सडक अवरुद्ध हुँदा चितवन तथा तराईका तरकारीहरू हेटौंडा-पालुङ्को लामो बाटो भएर ल्याउनुपर्ने बाध्यता रहेको उनीहरुको भनाई छ । लामो बाटो र यातायातको कठिनाइले हरियो तरकारीमा हुने ड्यामेज पनि उपभोक्ताकै टाउकोमा आइपुग्ने गरेको छ ।

केही व्यवसायीहरू भने विपदको यो बेलामा केही मार्जिन (नाफा) बढाएको कुरा अनौपचारिक रूपमा स्वीकार गर्छन् । प्रत्येक वर्ष चाडपर्व र वर्षायाममा यही समस्या दोहोरिने गरेको सबैजसो बजारमा मूल्य चर्किएको छ ।

उपभोक्ता अधिकारकर्मी ज्योति बानियाँ प्रभावकारी बजार अनुगमनको अभावले नै उपभोक्ता ठुलो मारमा पर्नुपरेको औंल्याउँछन् । तरकारी र फलफूलमात्र नभई बजारका हरेक उपभोग्य वस्तुमा अस्वाभाविक महँगी बढेको र यसमा केही हदसम्मका जायज कारणबाहेक अधिकांश कालोबजारी नै जिम्मेवार रहेको उनको आरोप छ । सरकारले उपभोक्ताको हितलाई गम्भीरतापूर्वक लिनुपर्नेमा त्यो फिट्टिकै महसुस हुन नसकेको उनको गुनासो छ ।

अधिकारकर्मीहरू विपद् र चाडपर्वको अवसरलाई समेत व्यापारिक दाउपेच बनाउँदै बिचौलियाहरूले उपभोक्ताको ढाड सेक्ने गरेको बताउँछन् । यस्तो समयमा राज्य संयन्त्र लाचार बनेकोमा उनीहरूले तीव्र आक्रोश पोख्दै आएका छन् । यतिबेला सरकार अझ बढी जिम्मेवार हुनुपर्नेमा बजारको मूल्य शृंखला नै तहसनहस भएको अधिकारकर्मी विनुजा दाहाल बताउँछिन् । 'सरकार एलपीजी ग्यासमा मात्र अल्झिँदा आम नागरिकको दैनिक छाक टार्ने रासनपानी र तरकारी बजारको अस्तव्यस्ततताप्रति पूर्ण रूपमा उदासीन बनेको छ,' उनले भनिन्, 'बजारमा सरकारको उपस्थिति नदेख्दा कार्टेलिङ, सिन्डिकेट र कालोबजारी मौलाउनु स्वाभाविक हो ।'

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/ अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com